<table>
<tr><th colspan="2">रामारोशन गाउँकार्यपालिकाको मिति २०८३।०१।१२ को वैठकले गरेका निर्णयहरु</th></tr>
<tr><td>प्रस्ताव</td><td>निर्णय</td></tr>
<tr><td>गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा।</td><td>रामारोशन गाउँपालिकामा कार्यरत गाउँपालिका अनुदान शिक्षकको विषयमा रामारोशन गाउँकार्यपालिका र गाउँ सभाबाट जम्मा संख्यालाई ३० कायम गर्ने निर्णय भइ आएकोमा विद्यालय बन्द हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै जम्मा गाउँपालिका अनुदान शिक्षक दरवन्दी संख्यालाई ४५ कायम गर्ने र उक्त दरवन्दिला२ यस भन्दा अगाडीका कार्यपालिका र गाउँसभाबाट भएका निर्णय बमोजिम आन्तरिक र खुला प्रतियोगितात्मक परिक्षाद्वारा पदपुर्ति गर्ने तथा पदपुर्ति कार्यलाई यथाशिघ्र कार्यान्वयनमा लैजान रामारोशन गाउँपालिका शिक्षा शाखा प्रमुख जगत बहादुर रावललाई जिम्मेवारी दिने।</td></tr>
<tr><td>MBBS छात्रवृत्ती सम्बन्धमा।</td><td>रामारोशन गाउँपालिका वडा नं ३ स्थायी ठेगाना भइ हाल एमबिबिएस अध्ययनरत तपसिल बमोजिमका विद्यार्थीहरुलाई तपसिल अनुसार छात्रवृत्ती रकम उपलब्ध गराउनेः
<table>
<tr><th>क्र.सं.</th><th>विद्यार्थीको नाम</th><th>अध्ययनरत संस्था</th><th>छात्रवृत्ति रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री कश्यप राज खनाल रामारोशन १ मलातीकोट</td><td>Janapath Secondary School, Kalanki</td><td>५००००</td><td>व्यवस्थापन सहायता</td></tr>
<tr><td>२</td><td>श्री मिलन राज खनाल रामारोशन १ मलातीकोट</td><td>Neplease Army Institute of Health Science</td><td>५००००</td><td>व्यवस्थापन सहायता</td></tr>
<tr><td>३</td><td>नविन शाह</td><td>Hunan University of Chinease Medicine</td><td>४०००००</td><td>छात्रवृत्ती</td></tr>
</table></td></tr>
<tr><td>भुमि प्रशासन सम्बन्धी सेवाहरु गाउँपालिकाबाट प्रवाह गर्ने सम्बन्धमा।</td><td>नेपाल सरकार, भमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २०८३।०१।१० को प्रकाशित सूचना बमोजिम हाल मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह भैरहेको सेवाहरु स्थानीय तहमार्फत सुचारु गर्न चाहने स्थानीय तहको लागी सूचना प्रकाशित भएकोमा उक्त सूचना बमोजिमको सेवा यस गाउँपालिकाबाट प्रवाह गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाउने।</td></tr>
<tr><td>सामुदायिक अध्ययन/सिकाई केन्द्र चाफामाण्डौ सम्बन्धमा।</td><td>रामारोशन गाउँपालिका वडा नं २ स्थित सामुदायिक अध्ययन/सिकाई केन्द्र चाफामाण्डौको सहजकर्ता विगत लामो समय देखि अनुपस्थित रहेकोले उक्त सिकाई केन्द्रमा नियमानुसार सहजकर्ता नियुक्तिको प्रकृया अगाडी बढाउने।</td></tr>
<tr><td>जलवायु परिवर्तन स्थानीय अनुकुलन (LACC) परियोजना कर्मचारी भर्ना सम्बन्धी प्राप्त गुनासोको सम्बन्धमा।</td><td>रामारोशन गाउँपालिकामा जलवायु परिवर्तन स्थानीय अनुकुलन (LACC) परियोजना कार्यान्वयनको लागी कर्मचारी भर्ना सम्बन्धी विषयमा anticr.2000@gmail.com इमेल र सो संग सम्बन्धित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् समन्वय शाखा), सिंहदरवार काठमाण्डौको मिति २०८३।०१।११, पत्र संख्या</td></tr>
</table>

<table>
<tr><td></td><td>वा.त.वि.स.शा/२०८२/०८३, चलानी नं १२७ को पत्र बमोजिम विभिन्न विषय उठान भएकोमा यस सम्बन्धमा तपसिल अनुसार रहेको व्यहोरा मन्त्रालयलाई अनुरोध गर्नेः
<ul>
<li>गाउँपालिकाको परियोजना व्यवस्थापन समितीको निर्णय बमोजिम खुला प्रतियोगितात्मक रुपमा सुचना प्रकाशित गरिएको ।</li>
<li>पेस भएका आवेदनहरु उपर पदपुर्ति समितिले परियोजनाको कार्यविधि र मापदण्ड बमोजिम कम्तीमा १:३ को अनुपातमा छोटो सूची प्रकाशित गरि लिखित परिक्षा र अन्तरवार्ताको लागी मिति निर्धारण गरेको ।</li>
<li>निर्धारित मितिमा मौखिक र अन्तरवार्ता सञ्चालन गरि अन्तिम नतिजा प्रकाशित गरिएको ।</li>
<li>परिक्षा पुर्ण रुपमा मर्यादित र स्वच्छ वातावरणमा सञ्चालन गरिएको ।</li>
<li>परिक्षा सञ्चालन प्रकृया र परिक्षा प्रकृयामा संलग्न गाउँपालिका र परियोजनाको कर्मचारीहरुमाथी लगाइएको आरोप निराधार र असत्य रहेको ।</li>
</ul></td></tr>
<tr><td>RMPMC वैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।</td><td>रामारोशन गाउँपालिका, जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना, परियोजना व्यवस्थापन समिति (RMPMC) को २०८३।०१।१२ गतेको वैठकका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने ।</td></tr>
<tr><td>एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ सम्बन्धमा ।</td><td>रामारोशन गाउँपालिकाको एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ पारित गर्ने ।</td></tr>
<tr><td>सडकबोर्ड अन्तरगतका आयोजनाहरु सम्बन्धमा ।</td><td>रामारोशन गाउँपालिका अन्तरगत चालु आर्थिक वर्ष २०८२।८३ मा तपसिल अनुसारका आयोजनाहरु कार्यान्वयन गर्नेः<br>तपसिलः
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गजड मलाता सडक मर्मत</td><td>१० लाख</td><td></td></tr>
<tr><td>२</td><td>बाँसखेत सिमखेत सुतार सडक मर्मत</td><td>७ लाख</td><td></td></tr>
<tr><td>३</td><td>मुजाबगर चाफामाण्डौ सडक मरम्त</td><td>७ लाख</td><td></td></tr>
</table></td></tr>
</table>